के

फेएट काउन्टी सार्वजनिक विद्यालयहरू

# परिवारहरूका लागि सिक्ने सुझाव

घरमा बच्चाहरूले के थाहा पाउनु पर्दछ र के गर्न सक्षम हुनुपर्छ र परिवारहरूले कसरी शिक्षामा वृद्धि गर्न सक्छन् भन्ने सारांश र तरिका।



*"हामी विश्वास गर्छौं कि परिवारहरू हाम्रा साझेदार हुन्। तिनीहरू बच्चाहरूका पहिलो र शक्तिशाली शिक्षकहरू हुन्। हामीहरू सबै एकसाथ मिलेर विद्यार्थीहरूको सफलताको सुनिश्चित गर्नेछौं।"*

- शुपरइन्टेनडेन्ट (अधीक्षक) ईम्यानुएल कक्, फेयेट काउन्टी सार्वजनिक विद्यालयहरू

## हाम्रो सिक्ने सुझाव बारे:

यो सुझावमा तपाईंको बच्चाले अंग्रेजी भाषा कला (ELA) र गणितमा विद्यालय वर्षको अन्त सम्ममा गर्न सक्ने र थाहा पाउन सक्ने केहि अत्यावश्यक कुराहरू गर्न सक्षम हुनुपर्छ। सिक्ने लक्ष्यहरूले शिक्षकहरू र परिवारहरूलाई कहिले विद्यार्थीहरूलाई अतिरिक्त समर्थन र कहिले उनीहरूलाई थप चुनौती दिनुपर्दछ।

## परिवारहरूले के गर्न सक्छन्?

तपाईंले आफ्नो बच्चाको सिक्ने कुरामा धेरै समर्थन गर्न सक्नुहुन्छ र उनीहरुको भविष्यको तयार गर्न मदत गर्न सक्नुहुन्छ। यहाँ विद्यार्थीहरूलाई सफल हुन मद्दत गर्ने केहि कुराहरूछन्:

१. आफ्नो बच्चासंग शिक्षा तपाईंको निम्ति कत्ति महत्त्वपूर्ण छ भन्ने कुराको सहभागी बनाउनुहोस्। तिनीहरूलाई भन्नुहोस् कि शिक्षा महत्वपूर्ण छ र यो सफलताको जग हो।
२. विद्यालयलाई प्राथमिकता दिएर हरेक दिन समयमा आफ्नो बच्चालाई बिद्यालयमा पुर्याउनुहोस्।
३. संभव भएसम्म अभिभावक-शिक्षक सम्मेलनहरूमा र विद्यालयका अन्य कार्यक्रमहरूमा उपस्थित हुनुहोस्।
४. बिद्यालयसंग पारस्परिकरूपले कार्य गरेर आपसी सम्मानको निर्माण गर्नुहोस् ।
५. स्वतन्त्रतालाई प्रोत्साहन दिनुहोस्; आफ्ना छोराछोरीलाई गल्ती गर्न अनुमति दिनुहोस् र आफ्नो विकल्पहरूको लागि जिम्मेवारी स्वीकार गर्न दिनुहोस्।
६. आफ्नो बच्चासंग बिद्यालयमा के भईरहेको छ भनेर छलफल गर्नुहोस्।
७. आफ्नो बच्चाले वर्षैभरि प्रगति गरि राखेको छ भनेर सुनिश्चित गर्न शिक्षकसंग लगातार सञ्चार गरिराख्नुहोस्।
८. तपाईंलाई आफ्नो बच्चाले के गरिरहेको छ भनेर थाहा पाउने अधिकार छ; तपाईंको यदि केहि प्रश्न छ भने उसको/उनको शिक्षक सम्पर्क गर्न नहिचकिचाउनुहोस्।

## तपाईंको बच्चाको शिक्षकसंग कुराकानी

आफ्नो बच्चाको शिक्षक र विद्यालयसंग उसको सिक्ने लक्ष्यको प्रगति बारे नियमित रूपले कुराकानी गर्न महत्त्वपूर्ण छ। यहाँ सोध्ने केही नमूना प्रश्नहरू:

- मेरो बच्चा कहाँ समर्थ छ र कहाँ उसलाई सुधार गर्न आवश्यकछ?
- मेरो बच्चाको प्रगति वर्षैभरि कसरी मापन भइरहेकोछ?
- के मेरो बच्चाको कक्षाको कार्यको उदाहरणहरू हेर्नसक्छु? के ती उदाहरणहरूले सिक्ने लक्ष्यहरू पूरा गरेका छन् कि छैनन्?
- के मेरो बच्चा क्रम स्तर (ग्रेड-स्तर) सिक्ने लक्ष्यहरू पूरा गर्ने पथमाछ? यदि छैन भने, विद्यालयले के समर्थनको प्रस्ताब राख्छ? मैले घरमा के गर्नसक्छु?
- के मेरो बच्चा सिक्ने अपेक्षा तिर वा माथि छ? यदि छ भने, बिद्यालयले अरु के प्रस्ताव दिन्छ? मैले घरमा के गर्नसक्छु?
- तपाईंले मेरो बच्चाको आइ ई पी (IEP) पढ्नुभयो? मेरो बच्चाको लागि के सुबिधाहरू तयार पारिएकोछ?
- मेरो बच्चा अंग्रेजी भाषाको शिक्षार्थी हो। मेरो बच्चाको भाषाको विकासको लागि बिद्यालयमा कसरी समर्थन गरिएकोछ?

## तपाईंको बच्चासंग कुरा

के यो परिचित आवाज जस्तो लाग्छ?

"आज बिद्यालय कस्तो थियो?"
"राम्रो"
"तिमीले के गर्यौं?"
"केहि पनि होइन"

त्यो ठीक छ, सोधिरहनुस्! "

जुन विद्यार्थीहरूका आमाबाबुहरूले तिनीहरूसंग विद्यालयको बारेमा कुरा गर्छन् तिनीहरूले बिद्यालयमा शैक्षिकरूपले राम्रो गर्छन्। यहाँ आफ्नो बच्चासंग संलग्न भएर उसको सफलताको समर्थन गर्ने केही तरिकाहो:

- बिद्यालयको बारेमा आफ्नो बच्चासंग कुरा गर्न हरेक दिन एक निर्दिष्ट समयको चयन गर्नुहोस्।
- आफ्नो बच्चालाई उनीहरुले आज सिकेको यौटा कुरा तपाईंलाई भन्न लगाउनुस। आफ्नो बच्चालाई सबै भन्दा रोचक के लाग्यो? के गाह्रोलाग्यो?
- आफ्नो बच्चाले बिद्यालयबाट घर ल्याउने कागजात र परियोजनाहरूको समीक्षा गर्नुहोस्। आफ्नो बच्चासंग सोध्नुहोस्: तिमीले कसरी थाहापायौ? तिम्रो के बिचारछ? तिमीले के देख्यौ? तिमीले किन यो तरिकाले गर्यौं? के यसको जवाफ पाउने अर्को तरीकाछ?
- आफ्नो बच्चाको मेहनत र प्रयासकोपनि प्रशंसा गर्नुहोस् केवल "सही जवाफको" लागि मात्र होइन।
- आफ्नो बच्चाले के सोचि रहेकोछ भन्ने बारे प्रश्नहरू सोध्नुहोस्:तिमीले कसरी थाहा पायौ? तिम्रो के बिचार छ? तिमीले के देख्यौ? तिमीले किन यो तरिकाले गर्यौं? के यसको जवाफ पाउने अर्को तरीकाछ?

## बिद्यालयबाट टाढा रहेर गरेको शिक्षा हाशिललाई समर्थन

विद्यार्थीहरूले विद्यालय छोडे पछि पनि शिक्षा हाशिल गर्ने कार्य रोकिंदैन। यहाँ तपाईंले कक्षा बाहिर रहेर शिक्षा हाशिल गर्नको निम्ति समर्थन गर्न सक्ने केही तरिकाहो:

- आफ्नो बच्चाको लागी पढ्नुहोस्, आफ्नो बच्चासंग पढ्नुहोस्, र परिवारले आफूलाई सजिलो लाग्ने भाषामा पढ्ने समयलाई प्रोत्साहन गर्नुहोस्।
- नियमित रूपले गृहकार्य वा अन्य सिक्ने गतिविधिहरु गर्न आफ्नो बिद्यार्थीकोनिम्ति एक शान्त र आरामदायी ठाउँको व्यवस्था गर्नुहोस्।
- निश्चित गर्नुहोस् कि तपाईं र तपाईंको बच्चाकोनिम्ति एक पुस्तकालय कार्ड छ र सारा परिवारले पढ्ने गतिविधिमा भाग लिन सकोस्।
- गृहकार्य वा अन्य सिक्ने गतिविधिहरु गर्नको लागि नियमित कार्यक्रमको स्थापना गर्ने प्रयास गर्नुहोस्।
- यो पुस्तिकालाई केहि सिक्ने लक्ष्य राखेर ध्यान केन्द्रित गर्न प्रयोग गर्नुहोस्, र केही सुझावहरू घरमा सिक्नको लागि प्रयास गर्नुहोस्।



# तपाईंको विद्यार्थीले के थाहा के गर्नुपर्छ र अंग्रेजी भाषा कलामा के गर्न सक्षम हुनु पर्छ (ई एल ए) ELA

## बोल्ने र सुन्ने

- विद्यालयमा विषयहरू र अध्ययन भइरहेको किताबहरूको बारे भएको कुराकानीमा अर्को बच्चा वा एक वयस्कसंग संलग्न भएर भाग लिने।
- कथा वा पाठको बाहिर सिकेको नयाँ शब्दहरू र अवधारणाहरु प्रयोग गर्ने।
- हालै घटेको एक घटना वा एक परिचित कथा भन्ने र के भयो भनेर छलफल गर्ने।
- विचार, भावना, परिचित मान्छेहरूको वर्णन, ठाउँहरू, चीजहरू र घटनाहरूलाई व्यक्त गर्न स्पष्ट रूपले बोल्ने।
- छलफलहरूमा प्रश्न शब्दहरू बुझ्ने र प्रयोग गर्ने (जस्तै, को, के, कहिले, किन, र कसरी)।

## पढ्ने (पढाई) र साहित्य

- परिचित शब्दहरू घरमा, छरछिमेकमा, वा तपाईंको बच्चाको वातावरणको अरू ठाउँमा पढ्ने। उदाहरणको लागि: सधरम संकेतहरू, जस्तै "बाहिर", र बारम्बार प्रयोग गरिने शब्दहरू जस्तै "यो"।
- प्रत्येक अक्षरको ध्वनि प्रयोग गरी नयाँ शब्दहरू पत्ता लगाउने।
- प्रारम्भिक पाठकहरूको लागि लेखिएको पुस्तक जस्तै बिल मार्टिन जूनियर र एरिक कार्लको "ब्राउन बेर, ब्राउन बेर, व्हाट डु यु सी?" वा जोइ काउलीको "श्रीमती विस्सी वास्सी" पढ्ने र शीर्षक, लेखक, र सचित्र बनाउनेलाई चिन्ने।
- तपाईंको बच्चाले स्वतन्त्र रूपले पढेको वा उनीहरूलाई सुनाइएको पुस्तकको मुख्य प्रसंग, पात्रहरू, र घटनाहरूलाई ठम्याउनु।

## लेखाई

- सम्प्रेषण गर्न चित्रकला, कुरा, र लेखाईको संयोजन प्रयोग गरेर अरूलाई सन्देश व्यक्त गर्ने।
- पत्र लेख्ने विद्यार्थीलाई एक शब्द मा सुन्नुहुन्छ। "DG" कुकुर वा घरको "HS" को लागि: उदाहरणका लागि
- शब्दमा सुनिने ध्वनिहरूलाई स्वतन्त्र रूपले कम्तिमा एक पूर्ण विचार लेख्ने। उदाहरणको लागि: "मलाई पौडीन मन लाग्छ किनभने यो रमाइलो छ (I lik to swm bcz it fn!"

## मूलभूत कौशल

- ठूलो र सानो अक्षरहरू ध्वनिहरूअनुरूप मिलाएर लेख्ने र भन्ने ।
- कसरी बारम्बार भाषामा देखा पर्ने शब्दहरूलाई चिन्न, हिज्जे गर्ने र उचित तरिकाले प्रयोग गर्न सिक्ने (जस्तै.,एक, लागि, यो, देखि, म, हरू (a, to, the, of, from, I, is, are)।
- उनीहरूको नाम पढ्ने र लेख्ने।



# घरमा ई एल ए (ELA) प्रशिक्षण (सिक्न) हौसला दिने तरिकाहरू

- हरेक दिन तपाईंको बच्चासंग पढ्नुहोस्। तपाईंको औंलाले पढ्ने दिशातिर शब्दहरूलाई देखाउनुहोस्। तपाईंको बच्चालाई तिनीहरूले जानेको अक्षरहरू वा शब्दहरू औंलाले देखाउन लगाउनुहोस्। तपाईंको बच्चासंग उ/उनको कथाको मनपर्ने भागहरुलाई व्याख्या गर्न लगाउनुहोस्।
- तपाईंको बच्चासंग परिचित कथाहरूको अभिनय गर्नु होस्। प्रत्येक व्यक्ति कथाको एक पात्र बन्छ र संवाद र अभिनय कथाको घटना अनुसार गर्छन्। बच्चाहरूलाई कथालाई विस्तार गर्न उनीहरूको कल्पनालाई प्रयोग गर्न प्रोत्साहन दिनुहोस्।
- तपाईंको बच्चाले सजिलै चित्र बनाउन, संदेश छोड्न, र कथाहरू लेख्न घर वरिपरि कागज र शिशाकलमहरू उपलब्ध गराउनुहोस्। शब्दहरूको बीच दूरी बनाउनको लागि औंलाहरु कसरी प्रयोग गर्ने हो देखाउनुहोस्। तपाईंको बच्चासंग चित्रहरुको बारेमाभन्न लगाउनुहोस् वा तपाईंलाई शब्दहरू पढेर सुनाउन लगाउनुहोस्।

*कृपया तपाईंको बच्चाको शिक्षकसंग घरमा सिक्ने स्रोतहरू आफ्नो विद्यालयको विशिष्ट पढाइ र लेखन कार्यक्रमहरूसंग सम्बन्धित कुराहरूको बारेमा सोध्न सम्बन्ध राख्नुस्।*

# तपाईंको विद्यार्थीले गणितमा के थाहा पाउनु पर्छ र गर्न सक्षम हुनुपर्छ:

- वस्तुहरु गनेर एक समूहमा कति छन् भनेर बताउने।
- संख्याहरू १-२० सम्म लेख्ने।
- १००सम्म अगाडि र पछाडि गणनागर्ने।
- यदि छ भने दुई समूहका वस्तुहरु तुलना गरेर कुनमा अधिक वा कम छ भन्ने।उदाहरणकोलागि: भनौं "मलाई थाहा छ कि ४ भनेको ७ भन्दा कम छ किनभने ..."
- जोड र घटाउ शब्द समस्याहरूलाई अभिनय गरी तिनीहरूलाई प्रतिनिधित्व गर्न तस्वीर वा नमूनाबनाउने।
- १० भित्र जोड र घटाउलाई बुझ्ने जस्तै एक समूहमा केही थप्ने वा समूहबाट केहि निकाल्ने।
- दुई-आयोमी आकारहरूलाई विशेषताहरुमा आधारित गरेर  व्याख्या गर्ने (अर्थात् विशेषताहरु)। उदाहरणको लागि: एक वर्गमा चार कुनाहरू वा कोणहरू हुन्छन्।
- १० अंकसम्म देखाउन औंलाहरुको प्रयोगगर्ने।
- सरल नमूनाहरूको वर्णन, विस्तार र सिर्जना गर्ने र चिन्ने। उदाहरणको लागि: अबाबा (ABABABA) वा रातो, नीलो रातो, नीलो, रातो, नीलो, रातो, नीलो।
- वस्तुहरुलाई श्रेणीहरूमा व्यवस्थित गरी प्रत्येक समूहमा कतिछन् भनेर गणना गर्ने।उदाहरणको लागि: "कतिवटा एम एन्ड एमहरू रातो रंगका छन्?"



## घरमा गणित सिक्न प्रोत्साहन दिने तरिकाहरू

- पालैपालो गरेर बोर्ड खेल खेल्नुहोस् वा पहेलीहरू पूरा गर्नुहोस् उदाहरणको लागि (जस्तै क्यान्डील्याण्ड वा हाई, हो, चेरी ओ)
- तपाईंको बच्चासंग पालैपालो, शरीरको चालहरूले ढांचाहरू बनाउनुहोस्। उदाहरणको लागि: ढांचाहरू शुरु गर्नुस् जस्तै ताली, ताली रूपमा आफ्नो काँधलाई छुने; ताली, ताली, आफ्नो काँधलाई छुने।तपाईंको बच्चालाई तपाईंसंगै ढाँचा बनाउन लगाउनुहोस्, र उ/उनलाई तपाईं बिना जारी राख्न लगाउनुहोस्। त्यसपछि तपाईंको बच्चालाई एक ढाँचा सुरु गर्न लगाउनुहोस् र  तपाईंले त्यसलाई जारी राख्नुहोस्।
- तपाईंको बच्चासंग गणना गर्ने विभिन्न तरिकाहरू पत्ता लगाउनुहोस्। उदाहरणको लागि: ठूलो स्वरले गणना गर्नुहोस्, बस्तुहरूको संग्रहको गणना गर्नुहोस्, तपाईंको बच्चालाई विशिष्ट मात्राहरू गणना गर्न लगाउनु होस्, र तपाईंको बच्चालाई गणना गरेर समाधान गर्न सक्ने समस्याहरूको प्रश्न गर्नु होस्।
- तपाईंको बच्चालाई एक बढी र एक कम समाबेश भएको प्रश्नहरू सोध्नुहोस्। उदाहरणको लागि: तपाईंको बच्चालाई टाँकको एक समूहलाई गणनागर्न लगाउनुहोस्। त्यसपछि सोध्नुस्, "यदि मैले तिमीलाई थप एउटा टाँक दिएँ भने? त्यसपछि तिमिसंग कतिवटा हुन्छन्?" उक्त टाँक थप्नुहोस् ताकी तपाईंको बच्चाले पुन: गणना गर्न सकोस् र फेरि दोहोयरिर जवाफ जाँच गर्नसकोस्। साथै सोध्नुहोस् "यदि मैले एकवटा टाँक झिकें भने के?"

*कृपया तपाईंको बच्चाको शिक्षकसंग तपाईंको विद्यालयको विशिष्ट गणित कार्यक्रमसंग सम्बन्धित घरमा सिक्ने स्रोतहरू बारेमा सोध्नुहोस्।*

**फेएट काउन्टी सार्वजनिक विद्यालयहरू**
११२६ रसेल केभ रोड
लेक्जिङटन, के वाई ४०५०५

८५९.३८१.४१००
www.fcps.net

*यो पुस्तिका फेएट काउन्टी सार्वजनिक विद्यालयहरूद्वारा प्रकाशित भएको थियो।*
*बनाइएको (सिर्जना गरिएको) शिशिर (पतझड) २०१६*